# टिप्पणी

## वैवाहिक स्थिति

वैवाहिक स्थितिले कुनै मानिसको विवाह भएको नभएको अर्धो वा विधवा र पाचुके मध्ये एक कस्तो स्थिति हो, त्यसलाई मात्रै उल्लेख गर्दछ । जनसंख्याको सामाजिक चित्रण देखाउने औ हाम्रो जस्तो सांस्कृतिक रिति स्थिति र धार्मिक प्रवृति भएको देशमा विवाह संवन्ध नै जनसंख्याको जाय जन्म घटनु बढनु मुख्य कारण हुन आउने किन कि पश्चिमा देशहरको जस्तो हाम्रो देशमा विवाह संम्वन्ध बाहिर जन्महरु हुदैनन र भएपनि नगन्य मात्र छन् हुदा हरेक जनगणनामा वैवाहिक स्थिति संवन्धि प्रश्नले महत्वपूर्ण स्थान पाएको हुन्छ ।

२००९।११ को र २०१८ को दुवै गणनामा विवाह संबन्धको परिभाषा एकै प्रकारको गरिएको छ । जस अनुसार एक पटक पनि लोग्ने स्वास्नी भई नवसेकाहरु लाई विवाह नभएको र समाज धर्म र देशको चलन व्यवहारवाट लोग्ने स्वास्नी भई बसेकालाइ पनि विवाह भएको अर्थात ल्याएका स्वास्नी पनि विवाह भएकै र वेश्यावृति गर्ने जनाना विवाह नभएकै मानिने छ । लोग्ने वा स्वास्नी मरी अर्को विवाह नगरेको मर्दलाई अर्धो र जनानालाई विधवा र एक पटक विवाह भई लोग्ने स्वास्नी भई बसेका तर पछि आपसी संवन्ध छुटाई अलग बसेका फेरी विवाह नगरेका विवाह गरे हुने व्यक्तिलाई पाचुके मानिन्छ । तर लोग्ने मानिसले अलग भएपछि स्वास्नी ल्याएमा विवाह भएको ठहर्दछ जनाना चाहि पाचुके नै हुन्छ । त्यस्तै गरी पाचुके भएकी जनाना पोइल गए विवाह भएको र लोग्ने चाहि पाचुके नै रहन सक्दछ । भनी सवै प्रकारका सामाजिक विवाह संबन्धलाई एउटै नियम भित्र पर्ने उद्द्श्य उपरोक्त परिभाषामा रहेको कुरा स्पष्ट छ । यस्तो वैवाहिक स्थिति संवन्धि प्रश्न ५ वर्ष माथिका जनसंख्यालाई मात्र सोधनी गरिएको छ । यसरी एकै किसिमको परिभाषा गरिएको विवाह संवन्धमा २००९।११ को गणनावाट आएको स्थिति भन्दा २०१८ को स्थितिमा कुनै प्रकारको परिवर्तन देखा पऱ्यो कि परेन र विभिन्न प्रदेशहरुको वैवाहिक स्थितिमा के कस्तो विभिन्नता रहेछ भन्ने कुरा तलको तालिकावाट स्पष्ट आउदछ ।

तालिका नं. ४ (क) वैवाहिक स्थिति (प्रतिशतमा) लिङ्ग तथा प्रदेश अनुसार ।

२००९।११ र २०१८ नेपाल ।

| २००९ । २०११ को विवाह संम्वन्ध | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | विवाह नभएका | | विवाह भएका | | अर्धो विधवा | | पाचुके | | नखुलेको | |
| प्रदेश | Total | | Never Married | | Married | | Widower Widow | | Divoreed Separated | | Not stated | |
| Region | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female |
| | | | | | | | | | | | | |
| नेपाल | १००.० | १००.० | ४०.३ | २७.६ | ५४.७ | ५८.० | ४.३ | १३.९ | ०.५ | ०.३ | ०.२ | ०.२ |
| पूर्व पहाड | १००.० | १००.० | ४५.५ | ३३.२ | ५०.३ | ५३.६ | ३.४ | १२.६ | ०.५ | ०.४ | ०.३ | ०.२ |
| पूर्व भित्री मधेश | १००.० | १००.० | ४४.८ | ३१.८ | ५१.२ | ५३.९ | ३.३ | १३.९ | ०.६ | ०.३ | ०.१ | ०.१ |
| पूर्व तराई (महोत्तरी वाहेक) | १००.० | १००.० | ३१.६ | १९.९ | ६१.६ | ६१.७ | ६.४ | १८.१ | ०.२ | ०.२ | ०.२ | ०.१ |
| महोत्तरी | १००.० | १००.० | २९.१ | १७.२ | ६६.२ | ६४.५ | ४.३ | १८ | ०.३ | ०.२ | ०.१ | ०.१ |
| का. उपत्यका | १००.० | १००.० | ४२.४ | ३२.१ | ५१.१ | ५३.१ | ५.२ | १३.३ | ०.३ | ०.७ | १ | ०.८ |
| पश्चिम पहाड | १००.० | १००.० | ४५.२ | २९.२ | ५०.७ | ५६.६ | ३.४ | १३.७ | ०.५ | ०.४ | ०.२ | ०.१ |
| सुदूर पश्चिम पहाड | १००.० | १००.० | ४२.४ | २९.२ | ५३.८ | ५९.४ | ३.३ | १०.९ | ०.४ | ०.४ | ०.१ | ०.१ |
| मध्ये भित्री मधेश | १००.० | १००.० | ४२.७ | ३१.६ | ५२.८ | ५७.६ | ३.७ | १०.४ | ०.६ | ०.३ | ०.२ | ०.१ |
| प. भित्री मधेश | १००.० | १००.० | ४१.६ | ३३.३ | ५२.७ | ५५.७ | ४.५ | १०.५ | १.१ | ०.४ | ०.१ | ०.१ |
| प. तराई | १००.० | १००.० | २८.१ | १६.८ | ६४.३ | ६५.४ | ७.० | १७.५ | ०.४ | ०.३ | ०.२ | ०.० |
| सु.प. तराई | १००.० | १००.० | ३४.२ | २३.० | ५८.३ | ६२.६ | ६.८ | १४.१ | ०.६ | ०.२ | ०.१ | ०.१ |

तालिका नं. ४ (ख) वैवाहिक स्थिति (प्रतिशतमा) लिङ्ग तथा प्रदेश अनुसार ।

२००९।११ र २०१८ नेपाल

| २००९ । २०११ को विवाह संम्वन्ध | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | विवाह नभएका | | विवाह भएका | | अर्धो विधवा | | पाचुके | | नखुलेको | |
| प्रदेश | Total | | Never Married | | Married | | Widower Widow | | Divoreed Separated | | Not stated | |
| Region | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female |
| | | | | | | | | | | | | |
| नेपाल | १००.० | १००.० | ३७.७ | २५.२ | ५६.९ | ६०.९ | ४.१ | १२.५ | ०.४ | ०.४ | ०.९ | १ |
| पूर्व पहाड | १००.० | १००.० | ४२.१ | ३० | ५३.४ | ५७.३ | ३.५ | ११.४ | ०.३ | ०.३ | ०.७ | १ |
| पूर्व भित्री मधेश | १००.० | १००.० | ४२.१ | २८.८ | ५३.४ | ५६.५ | ३.७ | १३.८ | ०.४ | ०.२ | ०.४ | ०.७ |
| पूर्व तराई (महोत्तरी वाहेक) | १००.० | १००.० | ३०.६ | १८.५ | ६२.५ | ६४.८ | ५.२ | १५.१ | ०.३ | ०.२ | १.४ | १.४ |
| महोत्तरी | १००.० | १००.० | ३०.१ | १७.८ | ६४.८ | ६४.१ | ३.९ | १६.९ | ०.३ | ०.२ | ०.९ | १ |
| का. उपत्यका | १००.० | १००.० | ४०.७ | २९.७ | ५२.२ | ५५.२ | ५.२ | १२.८ | ०.४ | ०.६ | १.५ | १.७ |
| पश्चिम पहाड | १००.० | १००.० | ४२.८ | २७.३ | ४२.९ | ५९.६ | ३.४ | १२.१ | ०.३ | ०.३ | ०.६ | ०.७ |
| सुदूर पश्चिम पहाड | १००.० | १००.० | ३९.१ | २६.३ | ५६.६ | ६२.४ | ३.२ | १०.२ | ०.४ | ०.४ | ०.७ | ०.७ |
| मध्ये भित्री मधेश | १००.० | १००.० | ३८.७ | २८.३ | ५६.३ | ६१.८ | ३.५ | ८.७ | ०.६ | ०.३ | ०.९ | ०.९ |
| प. भित्री मधेश | १००.० | १००.० | ३९.३ | ३१.१ | ५५.४ | ५८.८ | ४.३ | ९.५ | ०.६ | ०.१ | ०.४ | ०.५ |
| प. तराई | १००.० | १००.० | २४.७ | १३.२ | ६६.८ | ६९.३ | ६.९ | १६.१ | ०.७ | ०.४ | ०.९ | १.० |
| सु.प. तराई | १००.० | १००.० | ३४.५ | २३.३ | ५८.१ | ६४.९ | ६.३ | १०.९ | ०.४ | ०.२ | ०.७ | ०.७ |

माथिको तालिका नं ४ (क) वाट यो स्पष्ट हुन आउंछ कि २००९।११ र २०१८ को दुवै गणनाहरुमा नेपाल भर मुलुकको ५ वर्ष माथिका नरहरु र नारीहरु प्रत्येकलाई १००। १०० %प्रतिशत मानि हेर्दा २००९।११ मा नरहरु तर्फ ४०.३% प्रतिशत विवाह नभएका, ५४.७% प्रतिशत विवाह भएका ४.३% प्रतिशत अर्धो ०.५% प्रतिशत पाचुके र ०.२% प्रतिशत वैवाहिक स्थिति नखुलेका देखिनछन् । नारीहरु तर्फ भने क्रमश २७.६% प्रतिशत ५८.०% प्रतिशत, १३.९ % प्रतिशत ०.३ %प्रतिशत र ०.२ %प्रतिशत मात्र पर्न आएका छन । तर २०१८ को गणनामा भने नरहरु तर्फ ३७.३ प्रतिशत विवाह नभएका ५६.९ प्रतिशत विवाह भएका ४.१% प्रतिशत अर्धो भएका ०.४% प्रतिशत पाचुके भएका र ०.९% प्रतिशत वैवाहिक स्थिति नखुलेका पर्न आएको देखिन्छ । त्यस्तै नारीहरु तर्फ चाहि क्रमश २५.२% प्रतिशत ६०.९% प्रतिशत १२.५% प्रतिशत ०.४% प्रतिशत र १.०% प्रतिशत पर्न आएका देखिन्छन । अर्थात २००९।११ मा भन्दा २०१८ मा नरहरु तर्फ विवाह भएकाहरुको र वैवाहिक स्थिति नखुलेकाहरुको प्रतिशतमा वृद्धि हुन आउको देखिन्छ र नारीहरु तर्फ चाहि विवाह भएका पाचुके र वैवाहिक स्थिति नखुलेकाहरुको प्रतिशतमा वृद्धि देखिन्छ ।

नरहरु तर्फ – महोत्तरी र सुदूर पश्चिम तराई वाहेक नारीहरु तर्फ भने महोत्तरी जिल्ला एउटा मात्र वाहेक २००९।११ को गणनामा भन्दा २०१८ को गणनामा विवाह भएकाहरुको प्रतिशतमा वृद्धिनै भएको पाउंदछौ ।

नेपाल अधिराज्यको हरेक प्रदेशहरुमा पाचुकेहरुको प्रतिशत नगण्य छ भने पनि हुन्छ र २००९।११ र २०१८ को गणनाको विचका वर्षहरुमा पाचुकेहरुको प्रतिशतमा केही विशेष हेरफेर देखा परेको देखिदैन ।

नरहरु र नारीहरुको मृत्यु दरमा हुने भिन्नताले गर्दा अर्धोहरुको प्रतिशत भन्दा विवाहहरको प्रतिशत वढी हुनु स्वभाविकै हो अर्धोहरुको स्थितिमा पनि २००९।११ को भन्दा २०१८ को गणनामा विशेष केहि परिवर्तन भएको देखिदैन तर विवाहहरुको प्रतिशतमा भने २००९।११ को भन्दा २०१८ को गणनामा सवै प्रदेशहरुमा कमनै देखिन आयवाट वेमेल सानै उमेर कि केटी र अधवैशे या बुढो भइ सकेको केटो विच हुने विवाह संबन्ध को विवाहको प्रचलन विस्तारै धटदै गये तर्फ संकेट गर्दछ ।

अन्त्यमा, नेपाल अधिराज्य भरिका नर नारीहरुको वैवाहिक स्थितिको प्रत्येक तहलाई १००।१०० प्रतिशत मानि विभिन्न प्रदेशहरमा के कति प्रतिशत पर्दो रहेछ भन्ने कुरा २००९।११ र २०१८ सालको दुवै गणनाहरमा पर्न आएको प्रतिशत दाजो गर्न हुने गरि तलको तालिका नं ४ (ख) मा दर्शाइएको छ ।

तालिका नं. ४ (ख) वैवाहिक स्थिति (प्रतिशतमा), लिङ्ग तथा प्रदेश अनुसार (क्रमशः) ।

२००९।११ र २०१८ नेपाल

| २००९ । २०११ को विवाह संम्वन्ध | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | विवाह नभएका | | विवाह भएका | | अर्धो विधवा | | पाचुके | | नखुलेको | |
| प्रदेश | Total | | Never Married | | Married | | Widower Widow | | Divoreed Separated | | Not stated | |
| Region | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female |
| | | | | | | | | | | | | |
| नेपाल | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |
| पूर्व पहाड | २०.३ | २१.१ | २२.९ | २५.३ | १८.६ | १९.५ | १५.९ | १९.१ | २२.९ | २४.१ | २५.५ | २९.५ |
| पूर्व भित्री मधेश | २.२ | २.३ | २.५ | २.७ | २.१ | २.१ | १.७ | २.३ | २.८ | २.१ | १.२ | १.२ |
| पूर्व तराई (महोत्तरी वाहेक) | १७.४ | १६.७ | १३.६ | १२.१ | १९.६ | १७.८ | २५.८ | २१.८ | १०.१ | ८.१ | १२.८ | ११.८ |
| महोत्तरी | ५.० | ५.१ | ३.६ | ३.२ | ६.१ | ५.७ | ५ | ६.६ | ४ | ३.२ | २.२ | १.६ |
| का. उपत्यका | ५.२ | ५.० | ५.५ | ५.८ | ४.९ | ४.६ | ६.३ | ४.८ | ३.४ | १०.४ | २२.६ | २४.५ |
| पश्चिम पहाड | २०.१ | २१.१ | २२.५ | २२.३ | १८.६ | २०.६ | १६ | २०.८ | २२.९ | २३.८ | २०.२ | १९.७ |
| सुदूर पश्चिम पहाड | १८.३ | १८.२ | १९.३ | १९.२ | १८ | १८.६ | १३.८ | १४.३ | १८.१ | १९.८ | ९.२ | ७.९ |
| मध्ये भित्री मधेश | ३.० | २.८ | ३.१ | ३.२ | २.९ | २.८ | २.५ | २.१ | ३.८ | २.४ | २.६ | १.७ |
| प. भित्री मधेश | १.१ | १.० | १.१ | १.२ | १ | १ | १.१ | ०.८ | २.६ | १.१ | ०.६ | ०.५ |
| प. तराई | २.५ | २.४ | १.८ | १.४ | ३ | २.६ | ४.२ | ३ | २.४ | १.९ | १.४ | ०.५ |
| सु.प. तराई | ४.९ | ४.३ | ४.१ | ३.६ | ५.२ | ४.७ | ७.७ | ४.४ | ७ | ३.१ | १.७ | १.१ |

## तालिका नं. ४ (ख) वैवाहिक स्थिति (प्रतिशतमा) लिङ्ग तथा प्रदेश अनुसार (क्रमशः)

## २००९।११ र २०१८ नेपाल

| २००९ । २०११ को विवाह संम्वन्ध | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | विवाह नभएका | | विवाह भएका | | अर्धो विधवा | | पाचुके | | नखुलेको | |
| प्रदेश | Total | | Never Married | | Married | | Widower Widow | | Divoreed Separated | | Not stated | |
| Region | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female | नर Male | नारी Female |
| | | | | | | | | | | | | |
| नेपाल | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० | १००.० |
| पूर्व पहाड | १९.६ | २०.५ | २१.८ | २४.४ | १८.३ | १९.३ | १६.५ | १८.७ | १५.८ | १९.५ | १७.१ | २१.८ |
| पूर्व भित्री मधेश | २.० | २.१ | २.२ | २.४ | १.९ | १.८ | १.८ | २.३ | २.४ | १.६ | ०.९ | १.४ |
| पूर्व तराई (महोत्तरी वाहेक) | १८.९ | १७.५ | १५.३ | १२.९ | २०.७ | १८.५ | २३.९ | २१.१ | १५.२ | १०.३ | ३०.३ | २५.५ |
| महोत्तरी | ५.१ | ५.१ | ४.१ | ३.६ | ५.८ | ५.३ | ४.९ | ६.९ | ४.९ | ३.५ | ४.८ | ५.४ |
| का. उपत्यका | ५.२ | ४.८ | ५.६ | ५.७ | ४.८ | ४.३ | ६.५ | ५ | ६.१ | १०.४ | ९.१ | ८.२ |
| पश्चिम पहाड | २.० | २१.५ | २२.८ | २३.३ | १८.६ | २१.१ | १६.६ | २०.९ | १८.७ | २२.७ | १३.३ | १५ |
| सुदूर पश्चिम पहाड | १८.० | १८.३ | १८.७ | १९.१ | १७.९ | १८.८ | १४.१ | १५ | १८.१ | २२.२ | १४.२ | १३.९ |
| मध्ये भित्री मधेश | २.७ | २.५ | २.७ | २.८ | २.६ | २.५ | २.३ | १.७ | ४.६ | २.४ | २.८ | २.३ |
| प. भित्री मधेश | १.० | १.० | १.१ | १.२ | १ | ०.९ | १.१ | ०.७ | १.८ | ०.५ | ०.५ | ०.५ |
| प. तराई | ४.५ | ४.१ | २.९ | २.२ | ५.३ | ४.७ | ७.६ | ५.४ | ९ | ५.४ | ४.७ | ४.२ |
| सु.प. तराई | ३.० | २.६ | २.८ | २.४ | ३.१ | २.८ | ४.७ | २.३ | ३.४ | १.५ | २.३ | १.८ |

उपरोक्त तालिका अनुसार २००९।११ को गणनामा अविवाहितहरुके सवै भन्दा धेरै प्रतिशत क्रमश : पूर्व पहाड (नर २२.९५० नारी २५.३ ५पश्चिम पहाड (नर २२. ५५ नारी २२.३५ )सुदूर पश्चिम पहाड (नर १९.३ ५ नारी १९.२ ५०र पूर्व तराई महोत्तरी वाहेक (नर १३.६ ५ नारी १२.१ ५ )मा पर्दो रहेछ । अनि अविवाहित हरुको कम प्रतिशत भने पश्चिम भित्री मदेश (नर १.१ ५ नारी १.२ ५) पश्चिम तराई (नर १.८ ५ नारी १.४ ५० पूर्व भित्री मदेश (नर २.५५ नारी २.७ ५०परेको देखिन्छ । तर २०१८ सालको गणनामा भने अविवाहितहरुको सवै भन्दा धेरै प्रतिशत नरहरु तर्फ पश्चिम पहाड (२२.८५ )र नारी हरु तर्फ पूर्व पहाड (२४.४ ५०मा परेको देखिन्छ । अनि कम प्रतिशत भने पश्चिम भित्री मदेशमा नर (१.१ ५ नारी १.२ ५०भएको देखिन्छ ।

त्यस्तै गरि २००९।११ को गणनावाट विवाहितहरको सवै भन्दा धेरै प्रतिशत नर हरु तर्फ पूर्व तराई महोत्तरी वाहेक मा (१९.६ %) र सुदूर पश्चिम पहाढमा (१८.० % )र नारीहरु तर्फ पश्चिम पहाडमा ( २०.६%) पूर्व पहाड (१९.१ %) सुदूर पश्चिम पहाडमा (१८.६ %) र पूर्व तराई महोत्तरी वाहेक (१७.८ %) मा विवाहितहरुको सवै भन्दा धेरै प्रतिशत परेको पाउदछौ । अनि २०१८ को गणनामापनि यिनै प्रदेशहरुमा विवाहितहरुको धेरै प्रतिशत भएको पाइन्छ ।

अर्धो विधवाहरको सवै भन्दा धेरै प्रतिशत २००९।११ को गणनामा पूर्व तराई महोत्तरी वाहेक मा भएको मा २०१८ सालको गणनामा पनि उहि पूर्व तराई महोत्तरी वाहेक मै भएको पाइन्छ । अर्धो विधवाहरुको सवैभन्दा थोरै प्रतिशत भने २००९।११ र २०१८ को दुवै गणनामा पश्चिम भित्री मदेशमा रहेको देखिन्छ । पूर्व पहाड, पश्चिम पहाड र सुदूर पश्चिम पहाडहरुमा २००९।११ को गणनावाट हेर्दा अरु प्रदेशहरुको अपेक्षा पाचुकेहरुको धेरै प्रतिशत भउके देखिन्छ र २०१८ को गणनावाट पनि उहिनै स्थिति कायमै भएको देख्न सकिन्छ । २००९।११ मा वैवाहिक स्थिति नखुलेकाहरुको दोश्रो धेरै प्रतिशत भएको काठमाडौ उपत्यका २०१८ को गणनामा वैवाहिक स्थिति नखुलेकाहरुको ९.१%प्रतिशत नर र .२% प्रतिशत नारीहरुमात्र भई वैवाहिक स्थिति नखुलेकाहरुको धेरै प्रतिशत हुने प्रदेशहरुमा को पाचौ प्रदेश हुन गयेवाट २००९।११ को गणना भन्दा निसन्देह नै २०१८ को गणनामा काठमाडौं उपत्यकाको वैवाहिक स्थिति विभाजन गर्ने सांख्यिकिय कार्यमा वढी सुधार हुन सकेको छ भन्ने कुरा स्पष्ट देखिन्छ उपरोक्त कारण अनुसार पूर्व तराई महोक्तरी वाहेक मा भने २०१८ सालको गणनाले व्यक्तिहरुको वैवाहिक स्थिति विभाजन गर्नमा २००९।११ को गणनामा मिलेको सफलतामा भन्दा पनि कम मात्र सफलता प्राप्त गर्न सकेको बोध हुन आउँछ ।

२००९।११ र २०१८ को दुई गणनावाट देखिएको प्रदेश अनुसारको वैवाहिक स्थितिको वारेमा माथीनै विवेचना भैसकेको हुदा यँहा शहरी र ग्रामिण क्षेत्र अनुसार को वैवाहिक स्थितीको वारमा मात्र उल्लेख गरिन्छ । २००९।११ वाट आएके वैवाहिक स्थितिको वर्गिकरण शहरी र ग्रामीण क्षेत्र अनुसार नै गरिएको हुदा २००९।११ र २०१८ को दुई गणनावाट देखिएका वैवाहिक स्थितिको तुलनात्मक अद्यन गर्न सम्भव छैन तैपनि २०१८ को गणनावाट शहरी र ग्रामीण क्षेत्र अनुसारको वैवाहिक स्थितिमा के कस्तो भिन्नता रहेछ , तलको तालिका वाट स्पष्ट हुन आउदछ ।

तालिका नं १ वैवाहिक स्थिति (प्रतिशतमा), लिङ्ग एंव शहरी तथा ग्रामीण क्षेत्र अनुसार ।

| वैवाहिक स्थिति रक्षेत्र | | जम्मा | | विवाह नभएका | | विवाह भएका | | अर्धो विधवा | | पाचुके | | ववाहिक स्थिति नखुलेको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश र लिङ्ग | | शहर | ग्रामीण | शहर | ग्रामीण | शहर | ग्रामीण | शहर | ग्रामीण | शहर | ग्रामीण | शहर | ग्रामीण |
| नेपाल | नर | १००.० | १००.० | ४०.६९ | ३७.६० | ५२.०९ | ५७.१५ | ४.३२ | ४.१ | ०.३८ | ०.३५ | २.५२ | ०.८ |
| | नारी | १००.० | १००.० | ३०.०१ | २५.०० | ५३.९५ | ६१.३४ | १३.२१ | १२.४४ | ०.५१ | ०.२९ | २.३२ | ०.९३ |
| पूर्व पहाड | नर | १००.० | १००.० | ४४.०६ | ४२.०६ | ५१.१९ | ५३.४२ | ३.८६ | ३.४७ | | ०.२८ | ०.८९ | ०.७६ |
| | नारी | १००.० | १००.० | ३३.२३ | २९.९८ | ५५.५३ | ५७.३३ | ११.३९ | ११.३६ | ०.३ | ०.२९ | ०.५५ | १.०४ |
| पूर्व भित्री मधेश | नर | १००.० | १००.० | | ४२.०६ | | ५३.३८ | | ३.७६ | | ०.४२ | | ०.३८ |
| | नारी | १००.० | १००.० | | २८.८२ | | ५६.४८ | | १३.७९ | | ०.२४ | | ०.६७ |
| पूर्व तराई | नर | १००.० | १००.० | ३६.३४ | ३०.२४ | ५५.७९ | ६३.३२ | २.७९ | ५.०५ | ०.२४ | ०.२९ | ४.८४ | १.१ |
| | नारी | १००.० | १००.० | २४.८९ | १८.११ | ५७.९५ | ६४.९२ | १२.८९ | १५.५५ | ०.२३ | ०.१८ | ४.०४ | १.२४ |
| काठमाडौं उपत्यका | नर | १००.० | १००.० | ४२.५६ | ३८.९१ | ५०.३५ | ५३९९ | ४.८४ | ५.४८ | ०.४७ | ०.३५ | १.७८ | १.२७ |
| | नारी | १००.० | १००.० | ३१.९९ | २७.७४ | ५२.२४ | ५७.६८ | १३.२५ | १२.४७ | ०.६४ | ०.६५ | १.८८ | १.४६ |
| पश्चिम पहाड | नर | १००.० | १००.० | ४६.१२ | ४२.८२ | ४९.६४ | ५२.८६ | २.२६ | ३.४२ | ०.१ | ०.३३ | १.८८ | ०.५७ |
| | नारी | १००.० | १००.० | ३३.७७ | २७.२९ | ४९.०३ | ५९.६२ | ११.२२ | १२.१ | ०.०९ | ०.३२ | २.८९ | ०.६७ |
| सुदूर पश्चिम पहाड | नर | १००.० | १००.० | | ३९.१४ | | ५६.६ | | ३.२३ | | ०.३५ | | ०.६८ |
| | नारी | १००.० | १००.० | | २६.२६ | | ६२.३८ | | १०.२५ | | ०.३७ | | ०.७४ |
| मध्ये भित्री मधेश | नर | १००.० | १००.० | | ३८.६९ | | ५६.२५ | | ३.५६ | | ०.६ | | ०.९ |
| | नारी | १००.० | १००.० | | २८.२९ | | ६१.८२ | | ८.६७ | | ०.३ | | ०.९२ |
| पश्चिम भित्री मधेश | नर | १००.० | १००.० | | ३९.३१ | | ५५.४३ | | ४.२८ | | ३५९ | | ०.३९ |
| | नारी | १००.० | १००.० | | ३१.१ | | ५८.८१ | | ९.४४ | | ३१५ | | ०.५ |
| पश्चिम तराई | नर | १००.० | १००.० | | ४२.७२ | | ६६.७२ | | ६.९४ | | ०.७ | | ०.९२ |
| | नारी | १००.० | १००.० | | १३.१७ | | ६९.३४ | | १६.१ | | ०.३९ | | १ |
| सुदूर पश्चिम तराई | नर | १००.० | १००.० | ३४.५ | ३४.४२ | ५८.१६ | ५८.२८ | ६.२९ | ६.२२ | ०.३९ | ०.३९ | ०.६६ | ०.६९ |
| | नारी | १००.० | १००.० | २३.२९ | २३.४२ | ६४.०३ | ६५.१२ | १०.९५ | १०.६१ | ०.१७ | ०.१६ | ०.६६ | ०.६९ |

उपरोक्त तालिका नं (१) वाट प्रत्येक प्रदेशका शहरी र ग्रामीण क्षेत्रहरुका जम्मा नरहब्रु र त्यस्तै जम्मा नारीहरुलाई १००।१०० प्रतिशत मानी – विवाह भएको , विवाह नभएको, अर्धो विधवा , पाचुके र वैवाहिक स्थिति नखुलेको इत्यादी वैवाहिक स्थितिको पाँच तहमा कति कति प्रतिशत रहेछन भनी हेर्दा विवाह भएको तहमा शहरी क्षेत्रका नर, नारीहरु दुवै तर्फ सवैभन्दा धेरै प्रतिशत सुदूर पश्चिम तराई (नरहरुतर्फ ५८.१६% नारीहरुतर्फ ६४.९३ %)र पूर्व तराई (नरहरु तर्फ ५५.७९% प्रतिशत र नारीहरु तर्फ ५७.९५%) दुई प्रदेशहरुमा सवै भन्दा धेरै तिशत भएको पाइन्छ । त्यस्तै ग्रामीण क्षेत्रमा पनि पश्चिम तराई नरहरु तर्फ ६६.७२ नारीहरु तर्फ ६९.३४% र पूर्व तराई (नरहरु तर्फ ६३.३२% र नारीहरु तर्फ ६४.९२ %)प्रदेशहरुमा धेरै प्रतिशत भएके देखिन्छ । यस किसिम संग तराईको प्रदेशहरुमा अरु प्रदेशहरु भन्दा विवाहको प्रचलन वढी व्यापक देखिन्छ । त्यस्तै एक परिवन पहाड प्रदेशको शहरी क्षेत्र वाहेक सवै प्रदेशहरुको शहरी र ग्रामीण दुवै क्षेत्रहरु को ६ वर्ष र सो भन्दा माथिका जम्मा नर नारीहरुमा आधा भन्दा केहि बढि नै (अर्थात ५०% भन्दा बढी) विवाह भई सकेका देखिन्छन । यस किसिमसंग विवाहको व्यापक प्रचलन नि:सन्देहनै बढी जायजन्म ( High Fertility) को अनुकुल हुन्छ । औ यस्तै भविष्मा वढी जनसख्या वृद्धि तर्फ पनि संकेट गर्दछ ।

अर्धो विधवाहरुको तहमा शहरी क्षेत्रतर्फ अर्धोहरुको सवै भन्दा कम प्रतिशत पश्चिम पहाडमा ग्रामीण क्षेत्र तर्फ सुदूर पश्चिम पहाडमा र विधवाहरुको कम प्रतिशत शहरी क्षेत्र तर्फ पश्चिम पहाडमा र ग्रामीण क्षेत्र तर्फ मध्य भित्री मदेशमा भएको पाउदछौ । शहरी र ग्रामीण क्षेत्र दुवैमा पाचुकेहरुको नगण्य प्रतिशत मात्र भएको देखिन्छ र शहरी र ग्रामीण क्षेत्र अनुसार पाचुकेहरुको प्रतिशतमा केही उल्लेखनिय भिन्नता भयेको देखिदैन ।